नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सहायक सूचक -सुरक्षा गार्ड (राजपत्र अनंकित चतुर्थ श्रेणी) पदको प्रतियोगितात्मक परीक्षाको

## पाठ्यक्रम एवं परीक्षा योजना

यस पदको परीक्षा ढाँचा (Examination Scheme) लाई देहाय बमोजिमको चरणमा विभाजन गरिएको छ :

**परीक्षा योजना (Examination Scheme)**

| क्र.सं | चरण | विवरण | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | शारीरिक तन्दुरुस्ती परीक्षण | - | - |
| २. | द्वितीय चरण | स्वास्थ्य परीक्षण | - | - |
| ३. | तृतीय चरण | General Intelligence Test (GIT) Verbal | ५० | २० |
| ४. | चतुर्थ चरण | अन्तर्वार्ता परीक्षा | ५० | - |

### १. प्रथम चरण - शारीरिक तन्दुरुस्ती परीक्षण

| विवरण | पुरुष | महिला |
|---|---|---|
| | उतिर्ण | उतिर्ण |
| उचाई | ६० ईन्च वा सो भन्दा माथी | ५८ ईन्च वा सो भन्दा माथी |
| तौल | ५० के.जि. वा सो भन्दा बढी | ४२ के.जि. वा सो भन्दा बढी |
| छाती | नफुलाउदा कम्तिमा ३० ईन्च फुलाउदा कम्तिमा ३२ ईन्च कम्तिमा २ ईन्च फुलाउनुपर्ने | नपर्ने |

**शारीरिक तन्दुरुस्ती परीक्षणमा अयोग्य हुने अन्य अवस्थाहरु**

१. अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको,
२. घुंडा Knee Lock अथवा Rickets भई फाटिएको,
३. प्रष्ट बोली नभएको/भकभके,
४. लठ्यौरो,
५. ढाड कुप्रो भएको, शरीर पुरा झुकाउन नसक्ने,
६. जिउ कोल्टे परेको (बाङगो शरीर भएको),
७. दुवी भएको,
८. एक तिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रंगाएको,
९. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो),
१०. आँखा डेढो भएका कुनै एक आँखा चिम्लन नसक्ने,
११.Colour Blind भएको,
१२. शरीर मोटो तर हात खुट्टा झिनो देखिने,
१३. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएका,
१४. शरीरको बाहिर देखिने भागमा २.५ X २.५ से.मी. भन्दा ठुला ट्याटु मार्क बनाएको ।

नोट - प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षणबाट छनौट भएका उमेद्वारहरुलाई मात्र द्वितीय चरणको स्वास्थ्य परीक्षणमा सम्मिलित गराईनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सहायक सूचक -सुरक्षा गार्ड (राजपत्र अनंकित चतुर्थ श्रेणी) पदको प्रतियोगितात्मक परीक्षाको

पाठ्यक्रम एवं परीक्षा योजना

## २. द्वितीय चरण -स्वास्थ्य परीक्षण

स्वास्थ्य परीक्षणमा राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको सरकारी चिकित्सकबाट निम्नानुसारको परीक्षण गरिनेछ ।

| | |
|---|---|
| ➢ General Personality Observation | ➢ Medical |
| ➢ General Physic (Surgical) | ➢ Dental |
| ➢ Chest | ➢ ENT |
| ➢ Eye Test (DV/CV) | ➢ BP |
| ➢ Blood (HB,TC,DC,ALB,SUG,M/E) | ➢ Pregnancy(For Female Candidate Only) |

नोट -

द्वितीय चरणको स्वास्थ्य परीक्षणबाट छनौट भएका उमेद्वारहरुलाईमात्र तृतीय चरणको General Intelligence Test (GIT) -Verbal परीक्षामा सम्मिलित गराईनेछ

## ३. तृतीय चरण - **General Intelligence Test (GIT)-Verbal** पूर्णाङ्क :– ५०

सहायक सूचक (सुरक्षा गार्ड) पदका उम्मेदवारहरुको मनोविज्ञान अध्ययन गर्न मौखिक माध्यमबाट देहायका विषयहरुमा परीक्षण गरिनेछ ।

| | |
|---|---|
| ➢ कार्यसम्पादन गर्ने क्षमता, शारीरिक क्षमता र तौर तरिका | ➢ पेशागत सुरक्षा सम्बन्धी ज्ञान |
| ➢ दृश्याबलोकन तथा दृष्टिकोण | ➢ विशेष क्षमता र रुची |
| ➢ आफ्नो बारेमा बर्णन | ➢ हातहतियार सम्बन्धी ज्ञान |

## ४. चतुर्थ चरण - अन्तर्वार्ता पूर्णाङ्क :– ५०

| विषय | | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|---|---|
| अन्तर्वार्ता | | ५० | | मौखिक (बोर्ड अन्तर्वार्ता) |

द्रष्टव्य :

१. प्रथम चरण (शारीरिक तन्दुरुस्ती परीक्षण) र द्वितीय चरण (स्वास्थ्य परीक्षण) मा उत्तिर्ण परीक्षार्थीहरुलाई मात्र तृतीय चरणको परीक्षामा सहभागी गराइनेछ ।
२. General Intelligence Test (GIT)-Verbal माध्यम भाषा नेपाली हुनेछ ।
३. सबै किसिमका परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) वा मोवाइल प्रयोग गर्न पाइने छैन ।
४. तृतीय चरण र चतुर्थ चरणको अन्तरवार्ता परीक्षाहरुमा प्राप्त गरेको अङ्कको कुल योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।